# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०७५।०४।२० गते

# प्रेस विज्ञप्ति

### विषयः आरोप-पत्र दायर गरिएको।

-------------------------------------------------

जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्यव इकाइ, कपिलवस्तुका इकाइ प्रमूख उप-सचिव सुरेन्द्रराज पराजुलीले विभिन्न विकास निर्माणका कार्यहरुमा अवैध रुपमा रकम उठाइ नदिएसम्म तलबभत्ता रोक्का गरीदिने डर धम्की देखाइ सोही कार्यालयमा कार्यरत सव-इन्जिनियरहरु सँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिइ गएको टोलीले निजलाई रु.२,८०,०००।-(दुई लाख असी हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.२,८०,०००।-(दुई लाख असी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता